# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काईसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०४९ सालको ऐन नं ३३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्।

## बोनस ऐन, २०३० लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : बोनस ऐन, २०३० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काइसौं वर्षमा संसद्ले यो ऐन बनाएकोछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भः यस ऐनको नाम "बोनस (चौथो संशोधन) ऐन, २०४९" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. बोनस ऐन, २०३० को प्रस्तावनामा संशोधनः बोनस ऐन, २०३० (यसपछि "मूल ऐन" भनिएको) को प्रस्तावनामा रहेका "कारखाना र प्रतिष्ठानमा काम गर्ने मजदूर तथा" भन्ने शब्दहरुको सट्टा "प्रतिष्ठानमा काम गर्ने कामदार तथा" भन्ने शब्दहरु राखिएकाछन्।

३. मूल ऐनको दफा १ मा संशोधन : मूल ऐनको दफा १ को उपदफा (३) को खण्ड (ख) झिकिएकोछ।

४. मूल ऐनको दफा २ मा संशोधन : मूल ऐनको दफा २ को,-

(१) खण्ड (क) झिकिएकोछ।

(२) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएकोछः-

"(ख) "प्रतिष्ठान" भन्नाले श्रम ऐन, २०४८ को दफा २ को खण्ड (ख) बमोजिमको प्रतिष्ठान सम्झनु पर्छ।"

(३) खण्ड (ग) मा रहेका "वा कारखाना" भन्ने शब्दहरु झिकिएकाछन्।

(४) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएकोछः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(घ) "कर्मचारी" भन्नाले कुनै प्रतिष्ठानमा सुपरीक्षण, प्रशासकीय, प्राविधिक वा अन्य कुनै काम गरे बापत तलब वा ज्याला लिई काम गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले प्रतिष्ठानमा श्रम गर्ने श्रमदारलाई समेत जनाउँछ।

(५) खण्ड (ङ) मा रहेका "वा कारखाना" भन्ने शब्दहरू र सोही खण्डको प्रतिबन्धात्मक वाक्यांशमा रहेका "मजदूर वा" भन्ने शब्दहरू झिकिएकाछन्।

(६) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएकोछः-

"(च) "व्यवस्थापक" भन्नाले श्रम ऐन, २०४८ को दफा २ को खण्ड (च) बमोजिमको व्यवस्थापक सम्झनु पर्छ।"

(७) खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएकोछः-

"(ज) "श्रम कार्यालय" भन्नाले श्री ५ को सरकारले स्थापना गरेको श्रम कार्यालय सम्झनु पर्छ।"

(८) खण्ड (ज) पछि देहायको खण्ड (ज१) थपिएकोछः-

"(ज१) "श्रम अदालत" भन्नाले श्रम ऐन, २०४८ को दफा ७२ बमोजिम


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गठन भएको श्रम अदालत सम्झनु पर्छ।"

५. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ को,-

(१) उपदफा (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएकोछः-

"(क) श्रम ऐन, २०४८ को दफा ४१ को उपदफा (१) बमोजिम कर्मचारीहरुको वासस्थानको व्यवस्था गर्नको निमित्त छुट्याएको रकम।"

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएकोछः-

"(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी स्वामित्व भएको प्रतिष्ठानले वितरण गर्ने बोनसको प्रतिशत र बोनस सम्बन्धी अन्य कुरा श्री ५ को सरकारले निर्णय गरे बमोजिम हुनेछ।"

(३) उपदफा (४) खारेज गरिएकोछ।

६. मूल ऐनको दफा ६ मा संशोधनः मूल ऐनको दफा ६ को उपदफा (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएकोछः-

"(क) कुनै कबुलियत बमोजिम वा श्रम ऐन, २०४८ को दफा ११ बमोजिम जगेडामा रहेको अवधि।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. <u>मूल ऐनको दफा ७ मा संशोधनः</u> मूल ऐनको दफा ७ को उपदफा (२) पछि देहायको उपदफा (३) र (४) थपिएकाछन् :-

"(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कर्मचारीले पाउने बोनस देहायको रकम भन्दा बढी हुने छैनः-

(क) मासिक पाँचहजार रूपैयाँ सम्म तलब या ज्याला पाउने कर्मचारीले आफ्नो छ महीनाको तलब या ज्याला बराबरको रकम,

(ख) मासिक पाँचहजार एक रूपैयाँ देखि पन्धहजार रूपैयाँ सम्म तलब या ज्याला पाउने कर्मचारीले आफ्नो चार महीनाको तलब या ज्याला बराबरको रकम,

(ग) मासिक पन्धहजार रूपैयाँ भन्दा बढी तलब या ज्याला पाउने कर्मचारीले आफ्नो तीन महीनाको तलब या ज्याला बराबरको रकम।

(४) उपदफा (३) को खण्ड (ख) बमोजिम पाउने न्यूनतम बोनस रकम खण्ड (क) बमोजिमको अधिकतम बोनस रकम भन्दा कम र खण्ड (ग) बमोजिम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पाउने न्यूनतम बोनस रकम खण्ड (ख) बमोजिमको अधिकतम बोनस रकम भन्दा कम हुने छैन।"

८. मूल ऐनको दफा ८ मा संशोधन : मूल ऐनको दफा ८ मा रहेका "वा मजदूर" भन्ने शब्दहरू र सोही दफाको प्रतिबन्धात्मक वाक्यांशको खण्ड (क) मा रहेका "कारखाना वा" भन्ने शब्दहरू झिकिएकाछन्।

९. मूल ऐनको दफा ९ मा संशोधन : मूल ऐनको दफा ९ को उपदफा (३) मा रहेको "जाहेर" भन्ने शब्दको सट्टा "निवेदन" भन्ने शब्द राखिएकोछ।

१०. मूल ऐनको दफा १० मा संशोधन : मूल ऐनको दफा १० को उपदफा (३) मा रहेका "श्रम विभाग" भन्ने शब्दहरूको सट्टा "श्रम अदालत" भन्ने शब्दहरू राखिएकाछन्।

११. मूल ऐनको दफा ११ मा संशोधन : मूल ऐनको दफा ११ को उपदफा (१) मा रहेका "सम्बन्धित विभागले" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित श्रम कार्यालयले" भन्ने शब्दहरू राखिएकाछन्।

१२. मूल ऐनको दफा १३ मा संशोधनः मूल ऐनको दफा १३ को सट्टा देहायको दफा १३ राखिएकोछः-

"१३. कल्याणकारी कोष : (१) दफा ५ बमोजिम बोनस बापत छुट्याइएको रकम मध्येबाट बोनस वितरण गरेपछि बाँकि रहन आएको रकम मध्ये सत्तरी प्रतिशत रकम श्रम ऐन, २०४८ को दफा ३७ बमोजिम खडा गरेको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कल्याणकारी कोषमा र बाँकी तीस प्रतिशत प्रतिष्ठानको कर्मचारी हक हीतको लागि व्यवस्था गर्न श्री ५ को सरकारले खडा गरेको राष्ट्रिय स्तरको कल्याणकारी कोषमा जम्मा गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कल्याणकारी कोषहरूको सञ्चालन कर्मचारीको सहभागिता रहने गरी तोकिए बमोजिम हुनेछ।"

१३. मूल ऐनको दफा १६ मा संशोधन : मूल ऐनको दफा १६ को सट्टा देहायको दफा १६ राखिएकोछः-

"१६. बोनस सम्बन्धी विवादको समाधानः (१) यस ऐन बमोजिम वितरण गरिने बोनसको विषयलाई लिएर कर्मचारी र व्यवस्थापकको बीच कुनै विवाद उठेमा श्रम कार्यालयले दुवै पक्ष राखी वार्ताद्वारा त्यस्तो विवादको समाधान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वार्ताद्वारा विवाद समाधान हुन नसकेमा श्रम कार्यालयले सम्बन्धित प्रतिष्ठान र कर्मचारीहरूलाई आवश्यक कागजात तथा स्याहा श्रेस्ता पेश गर्न लगाई त्यसको आधारमा निर्णय गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम श्रम कार्यालयले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले सोको सूचना पाएको मितिले पैंतीस दिन भित्र श्रम



४८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अदालतमा पुनरावेदन गर्न सक्नेछ र श्रम अदालतले गरेको निर्णय अन्तिम हुनेछ।"

१४. मूल ऐनको दफा २० मा संशोधन : मूल ऐनको दफा २० को सट्टा देहायको दफा २० राखिएकोछ:-

"२० सजाय : यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमले दिएको आदेश उल्लंघन गर्ने व्यक्तिलाई श्रम विभागले पाँचहजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।"

१५. मूल ऐनको दफा २१ मा संशोधन : मूल ऐनको दफा २१ को सट्टा देहायको दफा २१ राखिएकोछ :-

"२१. पुनरावेदन: यस ऐनको दफा २० बमोजिम श्रम विभागले जरिवाना गर्ने गरी दिएको आदेश उपर चित्त नबुझ्ने पक्षले सो को सूचना पाएको मितिले पैंतीस दिन भित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ।"

१६. मूल ऐनको दफा २३ मा संशोधन : मूल ऐनको दफा २३ मा रहेका "वा कारखाना" भन्ने शब्दहरू झिकिएका छन्।

१७. खारेजी : मूल ऐनको दफा १७, १८, १९, २२ र २६ खारेज गरिएकाछन्।



५८९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. रूपान्तर : मूल ऐनको दफा ४ ९ र १४ मा प्रयोग भएका "श्रम विभाग" भन्ने शब्दहरूको सट्टा "श्रम कार्यालय" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ।

लालमोहर सदर मिति २०४९।७।२१।६

आज्ञाले,
जीतबहादुर कार्की
श्री ५ को सरकारको का. मु. सचिव

४३०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार